# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/०४/२९

## छैटौं अधिवेशन

## (तिसौं वैठक)

# बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको तिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम शून्य समय निर्धारण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय अमर बहादुर साउँद लाई समय दिन्छु ।

माननीय सभामुख महोदय, बर्षायाम शुरु भउ सँगै प्रदेशका बिभिन्न क्षेत्रम प्राकृतिक प्रकोप बाढि, पहिरो, डुबान र सडक दुर्घटना परि बिभिन्न ब्यक्तिहरुले अकालमा ज्यान गुमाउका छन् ति सबै प्रति हार्दिक । श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु । र घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना सहित बाढि पहिरो डुबान र बिभिन् क्षति भएका संरचना हरुका लागि प्रदेश सरकारको ध्यानाकार्षण गर्न चाहान्छु

सभामुख महोदय यसै गरि बिगत केहि दिन यताको अबिरल बर्षाको कारण कैलालीका काँडा लिक्मा लगायत थुप्रै मोहना लगायत थुप्रै नदिहरुमा बाढिले किसानहरुले लगायको सयौ बिघा जमिन र लगायको बालिको ठुलो क्षति भयको छ घोडाघोडि नगरपालिका भजनि गौरिगंगा लगायत थुप्रै क्षेत्रहरुमा ठुलो धनजनको क्षति भयको छ र सो धनजन र नोक्सानिको क्षति पुर्तिका लागि र रोकथामका लागि प्रदेश सरकारको ध्यानाकार्षण गर्न चाहान्छु त्यसैगरि हाम्रो पुर्व पश्चिम राजमार्ग लगायत थुप्रै सडकहरुमा बिभिन्न खाल्डाखुल्डि र बर्षातले सडक बिग्रियका कारण दैनिक दुर्घटनाहरु बढ्दै गईरहेका छन जसले गर्दा बिभिन्न ब्यक्तिहरुले अकालमा ज्यान गुमाउनु परिरहेको अवस्था छ यसका लागि प्रदेश सरकार संघिय सरकार लगायत सवै तहका सरकारले यथाशिघ्र ति स डकमा पेरका खाल्डाखुल्डि र सडकको मर्मत गरि अकालमा बिभिन्न खालका दुर्घटनालाई न्यनिकरण गर्नाका लागि म माननीय सभामुख मार्फत सवै तहको ध्यानाकर्षण गर्न चाहान्छु ।

सभामूख महोदय त्यसैगरि हाम्रो सरकारले प्रदेश सरकारले बिशेस गरि कृषिमा बिशेस उत्पादनलाई जोड दिने र हाम्रो प्रदेशका अधिकांश जनताहरु अशिक्षित ८५% मानिसहरु कृसिमा आधारित छन र सरकारले कृषि उत्पादनमा जो ड दिने यकातिर नारा लगाईरहेको छ तर धान बालिमा युरिया मल छिट्ने समयमा कृषकहरुले मलखाद नपायर बिभीन्न ठाउमा भौतारिरहनु परेको अवस्था  छ त्यसैले यस कुरालाई मध्यनजर गर्दै बिशेस गरि प्रदेश सरकार भुमि व्यवस्था कृसि तथा सहकारि मन्त्रालयको किसानको समस्यलाई मध्यनजर गर्दै खाद्द मलको यथाशिघ्र मागको लागि म जोडदार माग गर्दछ धन्याबाद ।

**माननीय कुमारी नन्दा वम**

माननिय सभामुख महोदयअस्ति मात्रै प्रदेश सभा सदस्य अम्बि थापाको मोटरसाईकल दुर्घटना परि प्रदेश सरकारले काठमाडौं पठायको छ । म उहाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाको उपचारको लागि पनि प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु ।

माननिय सभामुख महोदय सुदुरपश्चिममा मनसुन यता ९ वटै जिल्लामा धनजनको क्षति भयको  छर त्यस माथि दार्चुलामा मानव क्षति भयको छ दार्चुलामा पहिरोमा पुरियर मात्रै ९ जनाको मृत्यु भयको छ नौगाढ गाउपालिकाका ४० बर्षिय मानमति ठगुन्ना ४२ बर्षिय पार्वति ठगुन्ना ७ बर्षिय जेनिस ठगुन्ना २३ बर्षिय चन्द्रसिँं महत ४ बर्षिय कुसल महत यसैगरि मलिकार्जुन गाउपालिका २६ बर्षिय अर्जुन दमाइ को २२ बर्षिय बिनोद दमाइ यसैगरि दुह गाउपालिका ३ का ५० बर्षिया रामदत्त जोशिको पहिरोमा परि मृत्य भयको छ उहाको आत्माको चिरशान्तिको कामना गर्दै उहाको परिवारलाई उचित राहतको व्यवस्थापन गर्नाको लागि सरकारसँग माग गर्न चाहान्छु ।

सभामुख महोदय अस्ति २७ गते मात्रै कृष्णपुर नगरपालिका ६ मा क्वारेन्टाईनमा बसेको राधिका वट त्यहि दिन भारत बाट उथिन र केहि समयपछि उहालाई नाङ्गो तारले करेन्ट लाग्छ र करेन्ट लागिसकेपछि उहा छटपटिन्छिन र उहाको आफन्तले हस्पिटलसम्म ल्याउनको लागि हारगुहार गर्नुहुनुह्छ र कुनै पनि साधन स्रोत नपाईकन उहाको आफन्तले काधमा बोकेर टेम्पुसम्म लानुहुन्छ र टेम्पु सम्म ल्याईसकेपछि हस्पिटलमा ३ घण्टा पछि पुग्छन र त्यसपछि हस्पिटलमा पुग्नासाथ उहाको मृत्यु हुन्छ सभामुख महोदय उसो त कृष्णपुर नगरपालिकामा ३ वटा एम्बुलेन्स छन ३ वटा एम्बुलेन्स त्यहाको स्थानिय जनप्रतिनिधिलाई सोध्दा २ वटा यताउता गयका छन र यउटा चाहि बिग्रियको अवस्थामा भन्नुहुन्छ उसो त त्यहा नगरको प्रमुखसँग उपप्रमुख सँग वडाका प्रमुख थुप्रै साधनस्रोत हुन्छन कृष्णपुर नगरपालिका त्यति हस्पिटलसम्म आउनको लागि साधन स्रोत भने देखिन आधा घण्टासम्म लाग्छ र उहा अढाई घण्टा ३ घण्टा लागेको छ र केहिदिन अगाडि त्यहा यउटा कुकुर पनि करेन्ट लागेर मरिसकेको हुन्छ र यदि हुन्जेलसम्म लापरबाहि

प्रदेश सरकारले गरिरहेको हुन्छ तय्सर्थ जुन स्थानिय सरारको त्याहको कमिकमोजोरि हो त्यसलाई छानबिन गरि यसलाई प्रकृया अगाडि बढाउन पनि म अनुरोध गर्न चाहान्छु

सभामुख महोदय दार्चुला जिल्ला महाकालि नगरपालिका मैथलि ब्यास नगरपालिका को चुसरपानि र दुहु गाउपालिकाको वडा न. ३ मा ३७ घरपरिवार हिजो राति मात्रै उच्च जिममा परि अर्कैतिर बस्ने व्यवस्था त्रिपालको सहायताले वस्ने व्वस्था गरेको छ त्याहको स्थानिय सरकारले त्यसर्थ त्यो उच्च जोखिममा परेको बस्तिलाई व्यवस्थापन गर्नको लगि म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु धन्याबाद

**माननीय कुलवीर चौधरी**

माननीय सभामुख महोदय, केहि दिन अबिरल बर्षाको कारणले गर्दाखेरि बाढि पहिरो र सडक दुर्घटना बाट केहि ब्यक्तिहरुको ज्यान गयको छ र मृतकहरुप्रति श्रदान्जलि अर्पणगर्दै र केहि घाईते व्यक्तिहरुमाथि उहाहरुको शिघ्र स्वास्थयको लागि कामना गर्न चाहान्छु र खास गरिकन हाम्रो यो देश जकृषि प्रधान देश भनेर चिनेदै आयको र त्यसमा यो सुदुरपश्चिम प्रदेशलाई समृद बनाउनका लागि यहाका किसानहरुलाई यहाका युवाहरुलाई यहाका कृषिमा आधारित बिभीन्न क्षेत्रलाई को लागि यो सुदुरपश्चिम प्रदेश सरकार लागि परेको र यसको लक्ष्य चाहि यो प्रदेशलाई समृद बनाउने उद्देश्यले अगाडि बढिरहेको अवस्थामा हाल बिगत असार महिना देखि यहाका किसानहरु मलखाद को ब्यवस्थआ उपलब्ध गर्न सकेका छैनन् त्यसो भयको हुनाले हाल हाम्रो छिमेकि देश भारत कोरोनाबाट अति प्रभावित हुदै आयको भन्ने हामिलाई थआहा हुदाहुदै पनि आफ्ना बालिनालि मा खाद छर्नाका लागि ति प्रभाबित ब्यक्तिहरुसँग पनि सम्पर्क गर्नुपर्ने बाध्यता भयको छ । र त्येसैमा पनि ४५ किलो तौल भयको बोराको खाद जसमा ४०० रुपिया भारु पर्छ र त्याबाट हजार रुपिया ल्याउनु पर्रने र त्येसैंमा पनि ४५ किलो माथिका गरेर ल्याउनु अवस्था सम्म त्यसमा पनि भारतिय मनोरञ्न खाग सप्लाइ गर्ने ब्यक्तिहरु बाट प्रति कट्टामा तोल कम भयको पाइन्छ ४० किलोको कट्टा १८/१९ सयमा किनेर हाम्रो खेत बारिमा हाल्नुपर्ने अवस्था भयकोले यो कसरि आपुर्ति गर्न सकिन्छ यकातिर बाढि पहिरो र डुबानले गर्दाखेरि हाम्रो किसानहरुको बालिनालि त्यसै नाश भयका छन त्यसैपनि बलबल त्यसबाट बचेका लाई पनि हालखादको उपलब्ध नभयको कारणले गर्दाखेरि सभामुख मार्फत कसरि त्यसको आपुर्ति गर्न सक्ने हो त्यसको उचित ब्यवस्था गर्नको लागि यथाशिघ्र कदम अगाडि बढाईयोस भन्न चाहान्छु धन्यबाद

**माननीय बल बहादुर सोडारी**

सभामुख महोदय, हाम्रो देश नेपालमा पनि राम्रो कुरा सुन्न र खुसिको कुरा सुन्न नपाईने अवस्थआ सृजना भयो । यो चिनको बुहानबाट शुरु भएको कोरोना महामारिको कारणले हाम्रो

नेपालमा पनि कम्तिमा ९०/९१ जनाको मृत्यु भैसकेको अवसथा छ अहिले हालै सुरु भयको अबिरल बर्षातका कारंण हाम्रा देशका बिभीन्न जिल्लाहरुमा कहि बाढि कहि पहिरो को कराणले धनजनको ठुलो क्षति भयका समाचारहरु आईरहेको बेला हाम्रो प्रदेशका पनि ९ वटा जिल्लाहरुमा तराईका जिल्लाहरुमा डुबान र पहाडि जिल्लाहरुमा पहिरोको कारणले धेरै मान।यजनहरुका घटनाहरु मानव क्षति भयका धनजन क्षति भयका बिबरणहरु ले सदनमा प्रस्तुत गरेका छन अछाम जिल्लाको क्षेत्र न. २ ख मेरो निर्बाचन क्षेत्रमा पनि मैले गत बर्ष यो सदनबाट दाउन्न मटडाको पहिरो र बगारि गाउपालिकाका पहिराको बिषयमा मैले भनेको थियो यस बर्ष पनि दाउन्न मोरा गाउपालिकाकको दाउन्न मा भन्ने ठाउमा ४० घर जोखिममा परेका छन र ४ घरका मान्छेहरु बिस्थापित भयका छन र लगायतका ५ घरहरु म.गलसेन नगरपालिकाको १३ न. वडामा दलितको पुरै बस्ति उडेर गोठछानाहरुमा बस्ने स्थिति सिर्जना भयको छ यस्तो परिस्थितिमा हाम्रो सरकारले हामिलाई अस्ति हाम्रो मुख्यमन्त्रि भयअनुसार बकत्ब्त्य मा बोलियअनुसार हामि आशा बादि भयका छे हाम्रो सरकारले कि जोखिममा परेकालाई हामि तत्कालै राहत दिने कुराहरुमा हाम्रो सरकार तयार छ भणेर बोल्नु भाको छ र अर्को कुरा बिपत व्यवस्थापन बिधेयक पास भयका कारणले पनि हामि आसाबादि भयका छौ र यि पगिरोले नोक्सान गरिरहेका स्थानहरुमा त्सयको रोकथामको लागि बृक्षारोपण तटबन्धनको ब्यवस्था र जोखिम मा भयका धनजनको क्षति भयकाहरुलाई राहतको ब्यवस्था गरियोस र भन्नेसभामुख मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु अस्ति मात्रै हिजो मात्रै धनगढि बाट अछामको लागि गयको बस हाम्रो डोटि जिल्लाको पुर्बिचौकि गाउपालिकामा दुर्घटना हुदा ३ जनाको मृत्य भयको छ र २९ जना घाईते भयका छन उपचारका लागि बिभिन्न अस्पतालमा भर्ना भयका छन त्यसमध्ये यक जना हाम्रा संविधान सभाका सदस्य माननीय भैरे कामिकि श्रिमति कलधरि  बि क को खुट्टप भाचियर यहि सेति अस्पतालमा उपचार गरेर आउनुभाको छ तिन जनाको मृत्यु भैसकेको छ मृतक हुनेमा बाल्यगढि गाउपालिकाका पद्माल साउद मंगलसेन नगरपालिकाका धना साहि रगाउपालिकाका टिकाराम बि.क को मृत्य भयको छ यि बिभिन्न घटना कोरोना बाढि र दुरघटनमा परि मृत्यु हुने सम्पुर्णमा म आफनो तर्फबाट मात्र नभयर यो सदनकै त्फबाट यउटा र अछम क्षेत्र न. २ को तर्फबाट ख को तर्फबाट हारदिक श्रदान्जलि अर्पण गर्दै र घाईते हरुको शिघ्र स्वास्थ्यको कामना गर्दै र हाम्रो प्रदेश सभा सांसद माननीय अम्बि कुमारि थापा को पनि शिघ्र स्वास्थ्य लाभको कामना गर्दै म बिदा हुन्छु धन्यबाद

**माननीय मना कुमारी साउँद**

सभामुख महोदय, हिजो मात्र धनगढिबाट अछाम गैरहेको बस दुर्घटनामा परि टिकाराम बिक लायतका ३ जनाको मृत्यु भएको छ मृतक पर्ति श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु र घाईते सबैप्रति

स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र माननीय सभामुख ज्यु अहिलेको तराईमा डुबान पहाडमा पहिरोको कारणले गर्दा र सँगै कोरोनाको कारणेल गर्दा जनताले अहिले अत्यन्तै दुख भोगिरहेका छन । अछाम जिल्ला रामारोशन गाउपालिका वडा न. ४ बाटुलाशनमा २२ वटा घर र रामारोशन गाउपालिका ५ मा अल्लेरिमा ४२ वटा घर उच्च जोखिममा र उहाहरुको त्यो बस्ति नै सार्नु पर्ने स्थिति छ र अहिले उहाहरु छाना र टहरा हालेर बसिराख्नु भयकोछ र स्थानिय पाटिपंक्ति र स्थानिय सरकारले अलि अलि राहत बितरण गरियको छ उहाहरुलाई चाडो भन्दा चाडो व्यवस्थापनका लागि म प्रदेश सरकारलाई ध्यानाकर्षण गर्न चाहान्छु र समग्रमा रामारोशन गाउपालिका१०३ वटा घरउच्च जोखिममा छन र त्यहाका बिकासका पुर्वाधारहरु लहरु अनि बिद्युतका योजनाहरु र सिचाई खानेपानि पुर्ण नष्ट भयका छन र अहिले रामारोशन गाउपालिकामा अन्धकार सँगसँगै यउटा हाहाकारि मच्चियको छ र यसलाई छिटोभन्दा छिटो व्यवस्थापानका लागि म पर्देश सरकारसँग छिटोभन्दा छिटो ध्यानाकर्षण गर्न चाहान्छु । र अहिलेको परिबेशमा हामिले गाउमा बिकास निर्मण गर्यौं स्थानिय सरकार प्रदेश सरकार र संघिय सरकार यि बिकासका प्रकृयाहरु अलिकति मिलेनन् किनभने बस्ति भयको ठाउमा जथाभाबि डिजर लगाउदा र अर्को गाउमा उपभोक्ता समितिका अदक्ष्यहरु ईन्जिनियर हुदा अहिले जथाभआबि डिजर प्रयोग हुदा जनताहरुका घरहरु भत्कियका छन र तटबन्धन गर्ने सवालमा जु ठाउमा आवश्यक छ त्यो ठाउमा तटबन्धन नभयर कतिपय ठाउमा अनावश्यक ठाउमा तटबन्धन भैरहेका छन यस्ता कुराहरुलाई छिटोभन्दा छिटो हामि सबैले सरकारले स्थानिय सरकार र प्रदेश सरकार हामि सवैले रोक्नुपर्ने हुन्छ र रोक्नुपर्छ र जहा जनतालाई जोखिम अप्ठेरो छ त्यसै ठाउमा बिकास निर्माणलाई अगाडि बढाउनुपर्छ भन्ने म ध्यानाकर्षण गराउदै र प्रदेश सभआ सदष्य अम्बि कुमारि रानाको सुस्वास्थ्य लाभको कामना गर्दछु धन्याबाद ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय, यही श्रावण महिनाको २७ गते कृष्णपुर नगरपालिका वडा न ६ महाकालि माध्यमिक बिद्यालय बसन्तपुरमा बसिरहेको अवस्थआमा वडा न ६ कै राधा देबि वड को २३ बर्षको उमेरमा पानि मोटर चलाउदा बिद्युत करेन्ट लागि उहाको मृत्य भयको छ मृतक प्रति हार्दिक श्रदा सुमन भन्न चाहान्छु र परिवार प्रति समवेदना छ त्यो घटना भैसकेपछि हिजो २८ गते कृष्णपुरमा त्यहि समुहले १५० जना जतिको समुहले आन्दोलनको नाममा नगरपालिकाको नयाँ भवनमा टोडफोड गरि सिसाहरु फुटाईयको छ र केहि उच्छिङ्खल गतिबिधि त्यहा भयका छन र आज २९ गते कृष्णपुर नगरोपालिकाका मेयर कर्ण हमाल र म आफै गयर मृतकको घरमा गयर उहालाई स्थलगत खर्च बापत नगद रु २५,००० रुपिया नगरपालिकाको कोषबाट हामिले उहालाई प्रदान गरेका छौ र मृतकको लाश अहिले पनि सेति प्रादेशिक अस्पतालमै छ उहाको सतगतलाई छिटो गराउन उहाको पिसिआर टेष्टमा ढिलो भैरहेको कुरामा र

परिवारजनलाई राहत दिनुपर्ने कुरामा म सरकारलाई अनुरोध गर्दछु प्रदेश सरकारले पनि तत्काल क्वारेन्टाईनमा मृत्यु भयको र उहाको ७ महिनाको दुधे नाबालग ७ महिनाको चिल्लाईरहेको म हेरेर आयको छु र उहाको श्रिमान युवा अवस्थामा हुनुहुन्छ उहा पनि बेरोजगार अवस्थामा यउटा बलित समुदायको परिवार घरमा अन्न पनि छैन खाद्यान्नको अवस्थआ नाजुक छ त्यहा खाद्यान्न छैन तय्हा २ जना बृद अवस्थाका आमा बुवा हुनुहुन्छ यस्तो अव्सथाका परिवारलाई यथआसक्य चाडि प्रदेश सरकारले पनि सहयोग गर्ने छ भन्ने मैले आज बिहान त्यहा वाचा गरेपछि परिवार जन आशामा छन अझै पनी त्यहाको उच्छिङ्खल तत्वले त्यसमा टेकेर आफ्नो केहि मनशाय साट्ने वा पुर्वाधआर साद्रे नगरपालिका प्रति भयको आफ्नो बिरोद प्रदर्सन गर्ने कुरा तत्कला सरकारले रोक्नुपर्छ र त्यसता ब्यक्तिको पहिचान गरि कार्बाहिको दायरमा ल्याउनुपर्च भनेर म सुदुरपश्चिम प्रदेश सरकारलाई अनुरो|ध गर्दछु र तत्काल पिडित परिवारले राहतस्वरुप खाद्यान्न नगद र औष्धि उपचारको समेत त्यो बालकको कसरि व्यवस्थापन गर्ने त्यो सम्बन्धमा सरकारले कबम चाल्न म जोडदार माग गर्दछु

माननीय सभामुख महोदय यसै सन्दर्भमा हिजो बादि समुदायको यउटा जुलुसले मलाई बाटोमा भेटेको थियो उहाहरुलाई पनि खाद्यान्नको चरम संकट भयको उहाहरुको मगन्ते सास्कृतिक परम्परागत मगन्ते जुन चलन थियो श्रवण महिना माग्ने घरघरमा गयर यो कोरोना किंड १९ को कारणले माग्ने अवस्था समाजमा नभयको र उहालाई मागन पनि नदिने उहाहरुलाई गित गाउने जुन बजाउने उहाहरुको सस्कृति पनि बन्द भयको बेलामा उहाहरुलाई समिदायलाई नै आर्थिक शंकट र खाद्यान्नको ठुलो संकट परेको छ भोकमरि भयको छ कृष्णनगरपालिका वड न २, ३, र ४ मा बस्ने दि समुदाय र महेन्द्रनगरमा बस्ने वादि समुदायको खाद्यान्को बिषयमा अहिले उहाहरुको यकै कट्टामा बसोबास छ उहाहरुको खाद्यन्नको चरम अभाव छ र भोलि खाद्यान्न उत्पादन हुनेबेला सम्म पनि २ महिनाको लागि खाद्यान्नको जोहो गर्दिन परो भन्ने मा ग छ माननीय सभामुख महोदय त्यसतै प्रकारले अहिले नदि कटानले गर्दा सोहि बस्ति हरुमा नदि किनारका बस्ति हरुमा बस्ति ठुलो जोखिममा बस्ति हरु रहेका छन सुनभरा नदि मनहरा नदि बन्द नदि मछेलि नदि र स्याहालि नदिको तटिय क्षेत्रमा ठुलो कटानि भैरहेको छ अहिले कञ्चनपुरमा जसरि कैलालिमा डुबान भै रहेको छ त। यसरि नै कञ्चनपुरमा कटान भैरहेको छ त्यहा डुबान छैन कटान भयर एकै दिनमा बिघा ५० औ बिघा जमिन बगरमा परिणत भैरहेको छ र नदि किनारका घर वस्तिहरु पनि नदिको जोखिममा कटानमा परिरहेका छन जस्तो अवस्थामा स्थानिय जनताको अहिले तत्काल ति नदिहरुलाई केहि कट्टा जालि वा जैविक तटबन्धनका उपायहरु तत्काललाई र दिर्घकालिन रुपामा ति नदिहरुकोसर्भे हुनुपर्छ भन्ने प्रदेश सरकार प्रति अपेक्षा छ सोहि अनुसार म यो कुरा प्रदेश सरकारलाई ध्यानानाकर्षण गराउउन चाहान्छु सभामुख महोदय धन्याबाद

**माननीय मान बहादुर धामी**

माननीय सभामुख महोदय, हिजो देखि हामि निरन्तर शुन्य समयको सदुपयोग गरिराखेका छौ । माननीय सभामुख महोदय, यो शुन्य समयमा म सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु । हामि यहासम्म आईपुग्दा खेरि हिजो र आज हामिले थुप्रै समवेदनाहरु प्रकट गर्यौं श्रद्धाञ्जली अर्पण गर्यौं दुखमा मलम पट्टिहरु लगायौ झण्डझण्डै सुदुरपश्चिमको अषाढ देखि साउनसम्मको ४५ जना ब्यक्तिहरुले ज्यान गुमायको अहिले हामिसँग तथ्याङ्क छ त्येसै गरेर पहाडमा पहिरो बाढि र तराई डुबान हुदा अहिले सुदुरपश्चिम का जनता झन कोभिड १९ थप यउटा ठुलो यउटा बज्रपात प्राकृतिक बिपत ले हामि कहाँ ल्यायो माननीय सभामुख महोदय हिजो देखि हामिले भनिराखेका छौ र प्रदेश सरकार ले केहि न केहि गर्छ भनेर हामिले प्रतिक्षा गर्यौं त्यस कारणले माननीय सभामुख महोदय हाम्रो ति मृतकहरु प्रति श्रर्दान्जलि आफ्नो सार्बजनिक चौरहरुमा बिद्यालयहरुमा बस्न बिबस छन खान लाउन नपायर उनिहरु तड्पि राखेका छन ति को सम्मान सुदुरपश्चिम प्रदेस सरकारले उहाहरुलाई श्रदान्जलि दियर मात्र सद्भभाव दियर मात्रै उहाहरुलाई यथोचित रुपमा चाँडो भन्दा चाँडो उहाहरुलाई रेस्क्यु गरेर उद्दार गरे क्षतिपुर्ति र राहत दिनि कुराहरुमा सुदुरपश्चिम प्रदेश सरकार चिकिराखेक छ भन्ने कुरा म यहा अवगत गराउन चाहान्छु माननीय सभामुख महोदय बिगतका केहि घटना क्रमहरुमा तत्काल प्रदेश सरकाको क्याभिनेटले निर्णय गर्ने तर समग्र रुपमा सुदुरपश्चिम प्रदेश भरिक मृतक र क्ति पुर्ति पाउनुपर्ने जनसमुदायहरुले अहिले सम्म पाईनराखेको अवस्थामा सुदुरपश्चिम प्रदेशका र माननीय मन्त्रिहरुको म गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु दार्चुला जिल्ला मा रहेको खलङ्गा सरकारको महिना भईशक्यो अबरुद्ध भयको तेहाँको अबस्था कहालि लाग्दो रहेको अबस्थ छ सडकहरु पुरई भत्कियको छ गाढिहरु पुरई खोलामा छन यो अबस्थामा त्यहाको थेकदार निर्माण कम्पनि र सम्बन्धित अफिसको र सम्बन्धित मन्त्रि तर्फ गम्बिर ध्यान आकर्षण गर्न चाहन्छु माननीय सभामुख महोदय माननीय सभामुख महोदय त्यति मात्र होईन अहिले हाम्रो सुदुरपश्चिम प्रदेस सभाको माननिय ज्यु अम्बि थापा अस्ति मोटरसाईकल यक्सिडरन्ट भयर काठमादौंमा उपाचाररत हुनुहुन्छ उहाको स्वास्थ्यलाभको कामना गर्न चाहान्छु र थप स्वास्थ उपचारको व्यवस्थापनको लागि सरकारसँग आग्रह गर्न चाहान्छु र खास गरेर सुदुरपश्चिम प्रदेश भरि को जुन प्रकृतिक बिपतबाट जोखिममा परेका छन तिनिहरुको तत्काल रेस्क्यु गरेर उनिहरुलाई क्षतिपुर्ति घोषणा गरेर अगाडि बढ्नको लागि प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु तब मातै हाम्रो हुनेछ भन्दै प्रदेश सरकारको ध्यानाकर्षण गर्दछु धन्यावाद

**माननीय मान बहादुर सुनार**

माननीय सभामुख महोदय, यो हाम्रो बझाङ, बाजुरा, डोटि, दार्चुला, वैतडि, डडेल्धुरा यि पहाडका जिल्लाहरुमा पहिरो गएर कैयौ घर भत्किएका छन् । मान्छेहरुको मृत्य भएको छ कहि पहिरो गयर मान्छेहरु मृत्यु भयको छ त्यसत् गरेर अस्ति डोटिमा बस खसेर मान्छेहरु मृत्यु भयको छ र यस्तैऔ किसिमले तपाईको यो हाम्रो कञ्चनपुरको कृष्णपुरमा राधिका वट को करेन्ट लागरेर मृत्यु भयको छ यस्तै गरेर महाकालि नगरपालिकाको ० न वडामा जयन्ति धामिको मृत्यु यको छ त्यसो भयको कारणले सम्पुर्ण मृतक हरुलाई हार्दिक श्रदान्जलि दिन चाहान्छु र त्यसका साथसाथै त्यो घाईते हुनुहुन्छ उहाहरुको शिग्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र त्यस्तै किसिमले कञ्चनपुर कैलालिमा जुन बाढि आयर क्षतिको जनधनको नोक्सान भयको छ प्रदेश सरकारले उहाहरुले चाहि त्यो क्षति भयको सम्पतिको पुर्ति गरोस भन्ने कामना गर्दछु र त्यसको साथसाथै मेरो निर्वाचन क्षेत्र भिमदत्त नगरपालिका १३ न ,१४, १५ र १८ न मा हात्ति आक्रमण भाको छ त्यस्तै माहाकालि मा ६, ७, र ८ न , ९,१० मा त्यहा पनि हात्ति आक्रमण भयको छ गयको बर्षमा ३ न वडामा हात्ति शक्रमण भयर २ जना  को मृत्यु भयको थियो र ५/७ जना घाईते अपाङ्ग हुनुभाको थियो उहाहरुकालागि पनि नोक्सानि भको कारणले अब भर्खर धान काट्ने बेला भाको छ र धान ठुलो हुदै छ त्यो धान मा अब हात्ति आउने भयकोले र त्यो हात्तिको यथाशिघ्र त्यसको व्यवस्था गरियोस र त्यहा हेलोजिन लाईट र त्यहा हजुरको यो सोलार लाईटको व्यवस्था गरेर त्यो क्षेत्रलाई जसरि पनि जनतालाई बचाउनुपर्छ त्यो हात्ति आक्रमण बाट बचाउनुपरछ हिजो मात्रै १३ न र १४ मा त्यहा हात्तिले ४, ५ जनाको घर फाल;को छ भाडाकुडि फालेको छ क्षति नोक्सान गरेरको छ त्यो त सुरुवात हो अब आयपछि थुप्रै नोक्सान गर्न कारणले त्यतातिर यो सरकारको ध्यान जाओस र मन्त्रि जि हुनुहुन्छ त्यसलाई कसरिस व्यव्था गर्ने त्यतातिर ध्यान जाओस त्यहा तपाईको त्योलाई पनि ध्यान गरान प्रो त्यसका साथसाथै त्यो हाम्रो सुदुरपश्चिम प्रदेशको यउटा बिकासको मुहान सिक्खा ब्दरगाह भको कारणले सुक्खा बन्दरगाह छिटो भन्दा छिटो त्यसलाई कार्यन्वयन गर्नाकालागि सुदुरपश्चिम प्रदेश सरकारले केन्द्रिय सरकारलाई भनेर त्यसको छिटो भन्दा छिटो ब्यवस्थआ होस त्यसतै एयरपोर्टकालागि पनि छिटो भन्दा छिटो व्यवस्था गरेर एयरपोर्ट चलाउने भकाले त्यलाई पनि अगाडि बढाइयोस र सुदरपश्चिम प्रदेश सरकारले पनि त्यसलाई केहि नकेहि सहयोग गरोस भन् चाहाना राख्दछु त्यसका साथै हाम्रो माहाकालि अस्पताल मात्रै भनेको छ सेति अस्पताललाई सेति प्रादेशिक अस्पताल भयको छ माहाकालि अस्पताललाई पनि  माहाकालि पारादेशिक अस्पताल बनाईयोस त्यो पहिला पनि माहाकालि अञ्चल अस्पताल थियो सेति अञ्चल अस्पताल थियो अहिले माहाकालि अस्पताल मात्रै भाको छ माहाकालि अस्पताल भनेको कुन वडाको अस्पताल हो कहाको अस्पताल हो भन्ने भको छ त्यसलाई पनि माहाकालि प्रादेशिक अस्पताल बनाईयोस भन्ने मन्त्रि जिलाई आग्हर गर्न चाहान्छु मन्त्रि जि पनि यहि हुनुहुन्छ छिटो भन्दा छिटो सम्बर्दन गरियोस भन्ने कुरा राख्न चहान्छु र त्यसका

सातै जो मलखादका बिषयमा यत्रो समस्या भको छ खाद ले गर्दाखेरि मान्छेहरुले १००० सम्म पाउने मल २२०० सम्म तिरेर ल्यायको छ त्यहि पनि तपाईको त्यो ४५- ५० किलो हिनुपर्नेमा ४५ किलो वाल खाद ल्याउनु परेकोछ त्यो डुप्लिकेट खाद ल्याउनु परेको छ के गर्ने मान्छेहरुको बानि परेको छ धानमा मल नहालि नहुने खाद नहालि नहुने महङ्गै भयपनि नहालि नहुने भको कारणले ईन्डियाबाट ल्यायार पनि हाल्ने भैरहेको छ यहा मन्त्रि जि यहि हुनुहुन्छ कहिले सम्म त्यो मल आउछ कहिले सम्म त्यो खाद आउछ त्यो छिटोभन्दा छिटो ब्यवस्था होस भन्ने माग राख्दै जुन हाम्रो माननीय अम्बि थापा हुनुहुन्छ उहाको चाहि शिघ्र स्वास्थ को कामना गर्दचै बिकास होस भन्ने भनाई राख्दै बिदाहुन्छु धन्यावाद

**माननीय या तामाङ बोहोरा**

माननीय सभामुख महोदय, यस बर्ष बिगतका बर्ष भन्दा बढि भै रहेको हामि सवै जनालाई नै जानकार छौ निरन्तररुपमा भै रहेको बर्षातका कारण बाढि जिल्लाजरुमा पहिरो जाने नदिनालामा बाढि आउने धनजनको क्षति हुने तराईका बासिहरु डुबानमा हुने क्रम जारि छन सेति नदिमा आयको बाढिले यहि २५ गते बझाङको मुल सडक ठाउठाउमा बगेर अबरुद छन यसका लागि यथाशिघ्र मर्मत गरियोस भनेर तराईको बस्तिहरुको डुबानको कारणपत्ता लगाई निकासाका लागि प्रदेश सरकार केहि योजनाका साथ अगाडि बढोस र उचित राहतको व्यवस्था गरोस भनि माग गर्न चाहान्छु सभामुख महोदय कोभिड १९ को संक्रमण दर दिनहु बढ्दै गैरहेको अवस्था छ यसको रोकथामको लागि हामि सवै मिलेर जान आवश्यक छ र प्रदेश सरकारले गम्भिर रुपमा बिशेस योजना को साथ अगाडि बढ्नुपर्छ र परिधान सेवा प्रत्येक दिन अवस्थआमा बिस्तार गर्न सरकारसँग म माग गर्न चाहन्छु धन्याबाद

**माननीय मालामती कुमारी राना थारु**

माननीय सभामुख महोदय, माननीय अम्बि थापाज्यूको श्रावण १७ गते मोटरसाईकल दुर्घटनामा पर्नु भएको छ । उहाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र प्रदेश सरकारले स्वास्थ्य उपचारको लागि पनि ब्यवस्था गरियोस माननीय सभामुख महोदय, कान्तिपुर दैनिक टीकापुरका समाचारदाता रितेश चौधरी माथि सोमबारका दिन राति ८ बजे संघाति आक्रमण भएको छ । पत्रकार चौधरीको स्वास्थ्य लाभको कामना गर्दछु । यस्ता किसिमका घटनाले नै समुदायमा सद्भभाव खलबलाउने खलबलाउनमा मलजल गरेको देखिन्छ उस्तै पनि टिकापुरमा सद्भाव पुर्ण रुपले विस्तृत भयको अवस्था थियन यस खलबलाउने आक्रमणकारिहरुलाई काननी कटघराम ल्याई कडाभन्दा कडा कारबाहि गरियोस माननीय सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख महोदय कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका वडा न ७ महाकाली अब्यवस्थित क्वारेन्टईनमा बस्दै आयकि बर्ष २३ कि राधा वटको नाङ्गो तारले मृतयु भयको छ मृतक प्रति भाव पुर्ण श्रदान्जलि ब्यक्त गर्न चाहान्छु स्थानिय सरकारको गम्भिर त्रुटि

रहेको छ प्रदेश सरकार सत्य तथ्य छानविन गरि दोषिहरुमाथि कडा भन्दा कडा कारबाहि गरियोस यो प्रदेशमा यो प्रदेश भरि बाढि पहिरो नै भयको छ बाढि पहिरोमा परि ज्यान गुमाउने प्रति समवेदना ब्यक्त गर्न चाहान्छु घाईतेहरु प्रति स्वास्थ्य लाभको कामना गर्दछु सुदुरपश्चिम प्रदेशको राजधानि भयकै ठाउमा महाबाढि आयको छ सभामुख महोदय डुबान भयको छ महाबाढि आउनुको कारण पहाडमा डोजर तथा जथाभावि अतिक्रमण गरि खन्ने गरेकोले चुरेमा बनविनाशले तराईमा नदिनाला ले बाढि पहिरोले भयाभह स्थिति निम्त्यायको छ प्रदेश सरकार र स्थिनिय सरकार मौन छन प्रतिपक्ष ले सचेत गरायो भने सरकारले प्रति पक्षले सरकारको बिरोध गर्ने बाहेक केहि पनि काम गर्दैन भनरे सरकार प्रतिपक्ष प्रति अंकित गगरेर भाषण गर्ने गरेको देखियको छ सभआमुख महोदय भन्नै पर्छ सभामुख महोदय यो प्रदेश ३ बर्षमा कहि केहि पनि गरेको देखियको छैन जसै यो सरकार दुईतिहाईको दम्भले गर्दा जस्तै तपाईको अहिले यो सुदुरपश्चिम खास गरेर ८० % यो किसानहरु छन यसमा  किसानले गर्दा खेति गर्न मलको अभाव हुन्छ मल दिनुपर्छ अहिले मल को चरम अभाव भयको छ मानिसमा यो पहिरो बर्षले बाढि पहिरोले बिपत ल्यायको छ सरकारलाई केको बिपत परेको छ सरकारले किन मल ल्याउन सकेन जनता यकदमै दुखि छन जनता मित्र प्रदेश भआरतलाई गुहार गरेर त्यहाबाट १२००, ९०० को बोरा पर्नेमा ३६०० तिरेर मल ल्यायर खेतमा उनिहरुले हालि रहेका छन यति किसानहरु सुदुरपश्चिम प्रदेशका किसानहरु भोकै भोकल मर्न परेमा भोकमरि परेमा प्रदेश सरकारले जिम्मेवारि लिनुपर्च यो सरकार दुईतिहाईको झभको सरकारले यउटा कार्य छ राजा नसाकाउने देखे जस्तो भयको जनताले ज्यान गुमाउने ज्यान गुमायर पनि प्रदेश सरकार स्थानिय सरकारको मौनतामा हेर्न बाध्य भयका छन धन्यावाद

**माननीय शान्ती नेपाली**

माननीय सभामुख महोदय, हाम्रो प्रदेश सुदुरपश्चिम प्रदेश अहिले पहाडि जिल्लामा बाढि पहिरो र तराईको जिल्लामा डुबान बिश्व महामारिको रुपमा फैलियको कोभिड १९ यल्ले गर्दा अत्यन्तै यहाको जनजिवन अस्त ब्यस्त रहेको छ माननीय सभामुख महोदय यो बर्षे अधिवेशन अथवा यो बर्षा चलेपछि अछाम जिल्लामा मात्रै ९ जना बाढि पहिरोबाट ज्यान गुमाउनुपरेको छ र थुप्रै जनधनको क्षति भयो माननीय सभामुख महोदय यसका लागि प्रदेश सरकारले अर्को आर्थिक बर्षमा प्याकेजमै बाढि पहिरो र डुबानलाई ब्यवस्थापन गर्ने होईन भने भविष्यमा गयर सुदुरपश्चिम प्रदेश नै कटान र तपाईको भुमुयोग्य जमिन र मानविय पनि ठुलो क्षति हुने यकदमै सम्भआवना बढि रेहो छ माननीय सभामुख महोदय हाम्रो जिल्लामा कोभिड १९ परिक्षणको लागि मेसिन खरिद प्रकृया भैसकेको छ र कहा राख्ने के गर्ने पुर्ण रुपमा छलफल भैसकेको छ र प्रदेश सरकारबाट यथाशिघ्र प्रयोगशाला व्यवस्थापनकालागि बजेट व्यव्सथा होस भन्न चाहान्छु माननीय सभामुख महोदय अर्को बिदेश बाट अथँआ थैस्रो मुलुकबाट दिनप्रतिदिन नेपालिहरु भित्रि रहेका छन र हामिले युवा स्वरोजगारको कार्यक्रम अगाडि बढाउन खोजेको पनि २ बर्ष भै सक्यो त्योलाई पनि यो साउन

महिना देखि नै भदौ महिना देखि नै सञ्चालितमा हुने र त्यहि जनशक्तिले बेरोजगारिका कारणले गरिबिमा परेको जनशक्तिलाई सिप भयर पनि यउटा समास्यामा परेको जनशक्तिलाई छिटो भन्दा छिटो युवा स्वरोजगार कार्यक्रमालाई अगाडि बढाउन माग गर्न चाहन्छु माननीय सभामुख महोदय अहिले हामि यकातिर कोभिड १९ को प्रकोपले गर्दा र अर्कोतिर जैबिक प्रकोपले गर्दा सिङ्गो प्रदेश यकदमै गरिबिको रेखामुनि झन गुज्रिनुपरेको र महङ्गिले मात्रै जनताले छुनै नसक्ने गरि तरकारि गाडिको यातायातको दोब्बर भाडा बढेको छ त्यतिमात्र होईन सवै ठाउमा महङ्गिले मात्रै घेराबन्दि गरेको कारण यहाको जनता यकदमै गरिब यहाको असहाय अपाङ्ग यकल महिला र गरिब बिपन्न बर्गले त अझ हातमुख जोर्न पनि यक दमै गाह्रो भैसकेको छ यसका लागि पनि यथाशिघ्र राहतको व्यवस्था गर्नकालागि पनि म प्रदेश सरकारलाई बिनम्र अनुरोध गर्न चाहान्छु र जुन अनावश्यक रुपमा हुनत कोरोनाले गर्दा उहाहरुलाई पनि समष्या छ समष्या छ भन्दैमा कतै नलागेको मुल्य जुन बढेको छ यसको पनि छानविन समिति गठन गरेर छिटोभन्दा छिटो प्रदेश सरकारले जोडदार ध्यान दिन म यकदमै अनरोध गर्न चाहान्छु र अन्तमा जुन बाढि पहिरो र जुन जिल्ला जिल्ला मा बझाङ जिल्लामा त झनै सदरमुकाम जाने ठाउसम्मै झन जाडेमगर भन्ने नेर सदरमुकाम नै जान नपाउने त्यहाको जनताले पाउने सेवा सुविधा भयका छन यलाई बेलामै यो भैफी आउने रकमबाट सवैभन्दा बढि क्षति भएको ठाउँमा बजेट यथाशिघ्र बिनियोजन गरि जुन राहत पाउनुपर्ने गरिब घरधुरिका नागरिकलाई यथाशिघ्र राहत दिई जुन जैविक प्रकोपबाट ज।यान गुमायका छन तिनको घरपरिवारलाई पनि राहत उपलब्ध गराई जुन अहिले साझा क्षेत्रमा बसेका बिद्यलाय जुन क्षेत्रमा बसेका छन तिनका लागि गास बास कपासको छिटो भन्दा छिटो व्यवस्था गराउनका लागि प्रदेश सरकारलाई अनुरोध गर्दै ससाउन १७ गते मोटरसाईकल दुर्घटना गम्भिर घाईते हुनुभयका माननीय अम्बि कुमारि थापाको स्वास्थ्य लाभको कामना गर्दै अहिले सम्मको सहयोग त प्रदेश सरकारले यकदमै गर्यो धन्यावाद भन्न चाहान्छु र थप उपचारकालागि सहयोग गर्न अनोरोध गर्दछु र डोटि दुर्घटनामा करेन्ट लागेर र दुर्घटनाका कारण मृत्यु भयका पहिरो र बाढिमा परेर मृत्यु भयका समग्र प्रदेश बासि मृतक परिवारमा श्रदान्जलि ब्यक्त गर्दै उहाहरुको घर परिवारको अवस्था पनि कस्तो छ भन्ने प्रदेश सरकारले यकदमै ध्यानाकर्षण गरेर उहाहरुकालागि राहतका लागि प्याकेजहरु पनि ल्याउनका लागि बिनम्र अनुरोध गर्दै डोटि धनगढिका लागि अछाम तिर हिडेको गाडि हिजोमात्र डोटिमा दुर्घटना भको छ ति मृतक प्रति पनि श्रदान्जलि ब्यक्त गर्दै ति घाईते हरु प्रति शिघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाहरुको उपचारको लागा प्रदेश सरकारले सहयोग गर्ने छ भन्ने आशा राख्दै बिदा हुन्छु धन्यावाद

**माननीय सुशीला बुढाथोकी**

माननीय सभामुख महोदय, केहिदिन यता अबिरल बर्षाको सुदुरपश्चिम प्रदेशको ९ वटै जिल्ला प्रभावित भएको छ पहाडको जिल्लाहरुमा पहिरोको कारण र तराईको जिल्ला हरुमा बुबान र

कटानका कारण जनजिवन प्रभावित भयकोछ र प्रदेश सरकारले केहि ठाउहरुमा शिघ्र अनुसन्धान गरि ब्यवस्थआ गर्न पनि सभामुख मार्फत ध्यानाकर्षण गराउना चाहान्छु र सुदुरपश्चिम प्रदेशको राजधानी भनिने धनगढि हामिसवैको नजरमा देखियको छ १९ वटै वडाहरुमा बर्षाको कारण पानि जनमिरहेको अवस्था छ र ति पानिहरु निकास गर्ने ठाउ नभयको कारणले गर्दा यस धनगढि बासिहरु बुबानमा परिरहेको छ बिशेस गरेर वडा न १,२,३,४ लाई साह्रै नै समस्यामा परेको छ त्यसकारणले गर्दा म प्रदेश सरकारलाई के अनुरोध गर्न चाहान्छु भने छिटो भन्दा छिटो यो धनगढि मा जुन जमिरहेको पानि छ त्यसको निकासको निम्ति पहल गरियोस भन्न म चाहान्छु र प्रदेश सरकारको ध्यानापर्षण पनि गर्न चाहान्छु र त्यहा लापरबाहि किसिमले मापदण्ड बिपरित बनेका घर शंरचनाहरुलाई कुन किसिमले हुन्छ प्रदेश सरकारले स्थानिय सँग समन्वय गरेर त्यस्ता खालका ठाउहरुलाई पानि निकास हुने सम्म बनाउन म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु र यो अबिरल बर्षाका कारण हुलाकि राजमार्ग पुर्ण रुपमा क्षति भयको छ तत्काल त्यो मर्मतका लागि पनि म अनुरोध गर्न चाहान्छु वडा न १४ मा अमर चन्द बसोवास गरिरहेको र उहाको चाहि गरायसि बिबादले गर्दा २८ गते बेलुका सिमा प्रहरि चौकि बौनियामा समातियर लगियको र २९ गते बिहान ११,१२ बजेको समयमा बाथरुम गयको र बाथरुममा उहा मृतक अवस्थामा मृतक भेटिनु भयको छ र उहा के कराणले मृत्य भयको हो भन्ने कुरा सुक्ष्म तरिकाले होस र सत्य तथ्य बाहिर आवस भन्ने कुरा म सभआमुख मार्फत संघिय सरकारक र प्रदेस सरकारको ध्यानाकर्षण गर्न चाहान्छु धन्यावाद नमस्कार

३. माननीय सदस्यहरु,

अब, सामाजिक विकास समितिका सभापति माननीय कुन्ती जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"प्रदेशजनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ,"** माथि दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

माननीय सभामुखज्यू, मिति २०७७।०४।२५

प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल ।

विषयः– प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को प्रतिबेदन सम्बन्धमा ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।०२।२८ गते बसेको छैटौं अधिवेशनको १३औं बैठकको निर्णय अनुसार प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६माथि दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईएको थियो सामाजिक विकास समितिमा उक्त विधेयक माथि २०७७ ५१ गते समितिको ०३/०३/औं बैठकमा छलफलको कार्य प्रारम्भ भई ६५औं बैठकसम्म विधेयक माथि विस्तृत रुपमा दफावार छलफल गरी तपशिल बमोजिमका संशोधन र थप गर्नुपर्ने समितिको निर्णय सहितको प्रतिवेदन पेश गरेका छौं

दफावार छलफलका क्रममा समितिका बैठकहरुमा माननीय मन्त्रीज्यू ,देहाये बमोजिमका सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु, आमन्त्रित माननीय सदस्यज्यू, सम्वन्धीत विषयका विज्ञ र सरोकारवाला व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

**<u>देहायः-</u>**

१ माननीय .दिव्यश्वरी शाह सदस्य -

२ माननीय मान बहादुर सुनार .–सदस्य

३ माननीय डिल्ली राज पन्त .–सदस्य

४ माननीय लाल बहादुर खड्का .–सदस्य

५ माननीय टेक बहादुर रैका .–सदस्य

६ माननीय नन्द बहादुर साउँद .–सदस्य

७ माननीय शुशिला बुढाथोकी .–सदस्य

८ माननीय गेल्बु सिंह बोहरा .–सदस्य

९ माननीय दुर्गा कुमारी कामी.–सदस्य

१० माननीय माया तामाङ्ग बोहरा.–सदस्य

**विशेष आमन्त्रीत**

११ .सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी

**आमन्त्रीत**

१२ .माननीय बलदेव रेग्मी

तपशिलः -

# संशोधन तथा थप हुनु पर्ने विषयहरु

| सि.न. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | विधेयकको शिर्षकमा | प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ । | **सुदूरपश्चिम** प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ । | विधेयकमा प्रदेशको नाम स्पष्ट पारिएको। |
| २ | दफा १को उपदफा मा (१) | )१ (यस ऐनको नाम " प्रदेश जनस्वास्थ्य सेवा ऐन२०७६," रहेकोछ । | ) १( यस ऐनको नाम "**सुदूरपश्चिम** प्रदेश जनस्वास्थ्य सेवा ऐन ,२०७६ " रहेकोछ । | प्रदेशको नाम स्पष्ट पारिएको । |
| ३ | दफा १को उपदफा मा (२) | )२( यो ऐन सुदूरपश्चिम प्रदेश भर तुरुन्त **प्रारम्भ** हुनेछ । | )२ (यो ऐन सुदूरपश्चिम प्रदेश भर तुरुन्त **लागु** हुनेछ । | प्रारम्भ शब्दको सट्टा लागु शब्द राख्न उपयुक्त देखिएकोले । |
| ४ | दफा २ को उपदफा मा (ग) | (ग)"आकस्मिक स्वास्थ्य सेवा" भन्नाले गर्भावस्था, प्रसुति अवस्था वा सुत्केरी अवस्थामा हुने जटिलता व्यवस्थापन गर्न चौबिसै घण्टा उपलब्ध हुन सक्ने सेवा सम्झनु पर्छ । | (ग)"आकस्मिक स्वास्थ्य सेवा" भन्नाले गर्भावस्था, प्रसुति अवस्था वा **सुत्केरी पश्चातको** अवस्थामा हुने जटिलता व्यवस्थापन गर्न चौबिसै घण्टा उपलब्ध हुन सक्ने सेवा सम्झनु पर्छ । | महिलाहरुमा सुत्केरी पश्चातको हुने कठिन अवस्थालाई पनि आकस्मिक स्वास्थ्य सेवा भित्र राख्न उपयुक्त हुने भएकोले। |
| ५ | दफा ३ को उपदफा (३) | प्रत्येक नागरिकले (३) देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमकानिशुल्क : प्राप्त गर्न हक हुनेछ । | (३)प्रत्येक नागरिकले देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका **स्वास्थ्य सेवाहरु** निशुल्क प्राप्तः गर्न हक हुनेछ। | प्रत्येक नागरिकले पाउने स्वास्थ्य सेवाहरु स्पष्ट गरिएको । |
| ६ | दफा ३ को उपदफा (३) को मा (ख) | एकीकृत नवजात शिशु (ख) तथा बालरोग**व्यवास्थापान ,** पोषण सेवाप्रसव ,गर्भवती , परिवार ,तथा सुत्केरी सेवा सुरक्षित गर्भपतन ,नियोजन तथा प्रजनन स्वास्थ्य लगायतका**मातृ,** नवजात शिशु तथा बाल स्वास्थ्य सेवा , । | एकीकृत नवजात शिशु तथा (ख) बालरोग**व्यवस्थापन ,**पोषण सेवा , प्रसव तथा सुत्केरी ,गर्भवतन ,सेवा**पाठेघर (आङ्गखस्ने) स्वास्थ्य सेवा ,**परिवार नियोजन , सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य लगायतका**सुरक्षित मातृत्व** ,नवजात शिशु तथा बाल स्वास्थ्य सेवा ,। | मातृ शब्दलाई सुरक्षित मातृत्व बनाउन र पाठेघर (आङ्गखस्ने) स्वास्थ्य सेवा थप गर्न उपयुक्त हुने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ७ | दफा ४ को उपदफा मा (५) | (५)प्रदेश सरकारले गरिब , बिपन्न तथा घर ठेगाना पत्ता अपांग ,नलागेका व्यक्ति घाइते तथा ,भएका व्यक्ति पीडितलाई उपचार गर्दा लागेको खर्च व्यहोर्न नसकेकोअवस्थामा त्यस्तो व्यक्तिलाई उपचारको ब्यबस्था गर्न आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना **गर्न सक्नेछ** । | (५)प्रदेश सरकारले गरिबबिपन्न , तथा घर ठेगाना पत्ता नलागेका अपांग ,व्यक्तिता भएका व्यक्ति , घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च व्यहोर्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिलाई उपचारको ब्यबस्था गर्न आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना **गर्नु पर्नेछ।** | गर्न सक्नेछ भन्ने शब्दको सट्टा गर्नु पर्नेछ शब्द राख्न उपयुक्त हुने भएकोले। |
| ८ | दफा ८ को उपदफा मा (२) | (२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विरामीको स्वास्थ्यको गम्भिरताको आधारमा स्वास्थ्य संस्थाले उपचार गर्दा प्राथमिकिकरण **गर्न सकिनेछ।** | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विरामीको स्वास्थ्यको गम्भिरताको आधारमा स्वास्थ्य संस्थाले उपचार गर्दा प्राथमिकिकरण **गर्नु पर्नेछ।** | गर्न सकिनेछ शब्दको सट्टा गर्नु पर्नेछ शब्द राख्न उपयुक्त देखिएकोले। |
| ९ | दफा २२ को उपदफा मा (२) | (२)उपदफा बमोजिमको (१) मापदण्ड तोक्दा मानव स्रोतको बिकास ,ब्यबस्थापन , उपयोगका बिषयमा दिर्घकालिन ,मध्यकालीन र तत्कालिन आवश्यकताको विश्लेषण र नक्सांकन गरी जनशक्ति ,प्रबिधि ,जनसंख्या, विभिन्न स्वास्थ्य समस्याको अनुपातको प्रक्षेपणको आधारमा तोक्नु पर्नेछ । | (२) उपदफा बमोजिमको (१) मापदण्ड तोक्दा मानव स्रोतको बिकासउपयोग ,ब्यबस्थापन ,का बिषयमा तत्कालिनमध्यकालीन , दिर्घकालिनआवश्यकता,को विश्लेषण र नक्सांकन गरी जनशक्ति , प्रबिधि ,**भौगोलिक अवस्था ,** जनसंख्या, विभिन्न स्वास्थ्य समस्याको अनुपातको प्रक्षेपणको आधारमा तोक्नु पर्नेछ । | भौगोलिक अवस्थालाई पनि समावेश गर्न उपयुक्त देखिएकोले। |
| १० | दफा २२ को उपदफा मा (३) | (३) स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई थप प्रोत्साहनको लागि प्रोत्साहन भत्ता ,तालिम ,छात्रवृत्ति र वृत्ति विकासको व्यवस्था गरिनेछ । | (३) स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई थप प्रोत्साहनको लागि प्रोत्साहन भत्ता ,तालिम , छात्रवृत्ति **स्वास्थ्य बिमा** र वृत्ति विकासको व्यवस्था गरिनेछ । | स्वास्थ्यकर्मीलाई प्रोत्साहित गर्नाका लागि स्वास्थ्य बिमाको व्यवस्था गर्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ११ | दफा २७ को उपदफा मा (१) | सरकारी (१)अस्पताल तथा सरकारी स्वास्थ्य संस्था परिसरको **५००** मिटरको वरिपरी दुरी भित्र अन्य निजी अस्पताल ,पोलिक्लिनिक , क्लिनिक ,नर्सिङहोम , प्रयोगशाला लगायत स्वास्थ्य सम्बन्धित निजि व्यवसाय संचालन गर्न पाइने छैन। **तर विशिष्ट प्रकृतिको बहुसेवा उपलब्ध गराउने मापदण्ड पुगाई अनुमती लिएको अस्पताल आयुर्वेदहोमियोप्याथिक जस्ता , फरक प्रकृतिका अस्पतालको हकमा र जनघनत्वको आधारमा अस्पतालको शैया आवश्यक प्राविधिक समितिले सिफारिस गरेमा यो बन्देज लागू हुनेछैन।** | )१ सरकारी (अस्पताल तथा सरकारी स्वास्थ्य संस्था परिसरको **३००** मिटरको वरिपरी दुरी भित्र अन्य निजी अस्पताल , पोलिक्लिनिक ,क्लिनिक , नर्सिङहोम ,प्रयोगशाला लगायत स्वास्थ्य सम्बन्धित निजि व्यवसाय संचालन गर्न पाइने छैन। | स्वास्थ्य संस्था परिसरको ३०० मिटरको वरिपरी दुरी भित्र भन्ने राख्न उचित देखिन्छ तर विशिष्ट प्रकृतिको बहुसेवा उपलब्ध गराउने मापदण्ड पुगाई अनुमती लिएको अस्पताल आयुर्वेद ,होमियोप्याथिक जस्ता फरक प्रकृतिका अस्पतालको हकमा **र** जनघनत्वकोआधारमा अस्पतालको शैया आवश्यक प्राविधिक समितिले सिफारिस गरेमा यो बन्देज लागू हुनेछैन।शब्द हटाउनु उपयुक्त देखिएकोले । |
| १२ | दफा २७ को उपदफा मा (२) | )२ (उपदफा) १ (बमोजिम बन्देज गरिएका निजिअस्पताल,पोलिक्लिनिक , क्लिनिक ,नर्सिङहोम , प्रयोगशालाहरुलाई स्थानान्तरण गर्नका लागि मापदण्ड बनाइ निश्चित समय दिईनेछ । | )२ (उपदफा) १ (बमोजिम बन्देज गरिएका निजि अस्पताल , पोलिक्लिनिक,क्लिनिक,नर्सिङहोम , प्रयोगशालाहरुलाई स्थानान्तरण गर्नका लागि **छ महिना भित्र** मापदण्ड बनाइ निश्चित समय दिईनेछ । | अवधि तोक्दा कार्यान्वयन गर्न सजिलो हुने भएकोले थप गरिएको । |
| १३ | दफा ३२ को उपदफा २ मा (ख) | | राज्यमन्त्री वा सहायक मन्त्री (ख) सहअध्यक्ष -लाई | साविकको बुदा ख लाई बुदा कायम (घ) (ख) गर्ने गरीबुदा थप गरिएको |
| १४ | दफा ३२ को उपदफा २ मा (ग) | | सदस्य प्रदेश योजना (ग) आयोगको स्वास्थ्य सम्बन्धी विषय हेर्ने सदस्य- | साविकको बुदा ग लाई बुदा कायम गर्ने (ङ) (ग) गरीबुदा थप गरिएको |

| | | | | |
|---|---|---|---|---|
| १५ | दफा ३२ को उपदफा २ मा (ठ) | )ठ (निजी स्वास्थ्य संस्थाका संचालक मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना सदस्य - | (ढ)**सहकारीसामुदायिक ,** र निजी स्वास्थ्य संस्थाका संचालक मध्येबाट अध्यक्षले मनोनित गरेको **२** जना सदस्य- | साविकको बुदा ठ लाई ढ बुदा कायम गरि सहकारी र सामुदायिक संघ संस्थाहरुलाई समेटन उपयुक्त देखिएकोले। |
| १६ | दफा ३२ को उपदफा २ मा (ण) | (ण)जिल्ला समन्वय समिति , उपमहानगरपालिका , नगरपालिकावा गाउपालिका प्रमुखहरु मध्येबाट १ जना महिला सहित अध्यक्षले मनोनित गरेको ३ जना सदस्य । - | (त)जिल्ला समन्वय समिति , उपमहानगरपालिका,नगरपालिका वा गाउपालिका प्रमुख/**उपप्रमुखहरु** मध्येबाट १ जना महिला सहित **समावेसिको आधारमा** अध्यक्षले मनोनित गरेको ३ जना सदस्य - | साविकको बुदा ण लाई त बुदा कायम गरि उपप्रमुख र समावेशिको आधारमा प्रतिनीधित्वलाई सुनिश्चित गर्न उपयुक्त देखिएकोले। |
| १७ | दफा ३२ को उपदफा २ मा (त) | (त)स्वास्थ्यसंग सम्बन्धित पेशागत संघ संस्थाहरुका अध्यक्षहरु मध्येबाट १ जना महिला सहित अध्यक्षले मनोनित गरेको **२** जना - सदस्य | (थ)स्वास्थ्यसंग सम्बन्धित पेशागत संघ संस्थाहरुका अध्यक्षहरु मध्येबाट १ जना महिला सहित अध्यक्षले मनोनित गरेको **३** जना सदस्य - | साविकको बुदा त लाई थ बुदा कायम गरि सदस्य संख्या थप गर्न उपयुक्त देखिएकोले। |
| १८ | दफा ३७ को उपदफा मा (५) | (५)मन्त्रालयले यस प्रदेशको **मातृ** तथा प्रजनन् स्वास्थ्य सुदृढीकरणकको लागि आवश्यक कार्यविधि , निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ। | (५)मन्त्रालयले यस प्रदेशको **मातृत्व** तथा प्रजनन् स्वास्थ्य सुदृढीकरणको लागि आवश्यक कार्यविधिनिर्देशिका तथा मापदण्ड , बनाउन सक्नेछ। | मातृ शब्दलाई मातृत्व शब्द बनाउन उपयुक्त देखिएकोले । |
| १९ | दफा ३८ को उपदफा मा (२) | (२)उपदफा) १ (बमोजिमको सेवा मन्त्रालय मातहतका सरकारी **अस्पतालहरु** मार्फत तोकिए बमोजिम प्रदान गर्नुपर्नेछ । | (२) उपदफा) १ (बमोजिमको सेवा मन्त्रालय मातहतका सरकारी **स्वास्थ्य संस्थाहरु** मार्फत तोकिए बमोजिम प्रदान गर्नुपर्नेछ। | अस्पतालहरुको ठाउँमा स्वास्थ्य संस्थाहरु शब्द राख्न उपयुक्त देखिएकोले। |
| २० | दफा ३९ को उपदफा मा (५) | | सार्वजनिक (५)एवंम सरकारी , गैरसरकारी संघ संस्थाहरुको कार्यस्थलमा स्तनपान कक्षको व्यवस्थापन गरिनुपर्नेछ । | स्तनपान गराउने हककों सुनिश्चित गर्नका लागि उक्त बुदा थप गर्न उपयुक्त देखिएको। |

| | | | | |
|---|---|---|---|---|
| २१ | दफा ४० को उपदफा मा (२) | (२) उपदफा १ बमोजिम गुणस्तर कायम नगरी विक्री वितरण गरेर स्वास्थ्यमा प्रतिकूल असर परेमा सोको क्षतिपूर्ति प्रचलित कानून बमोजिम सम्बन्धित विक्रेता वा उत्पादकले व्यहोर्नु पर्नेछ। | (२) उपदफा १ बमोजिम गुणस्तर कायम नगरी विक्री वितरण गरेर स्वास्थ्यमा प्रतिकूल असर परेमा सोको क्षतिपूर्ति प्रचलित कानून बमोजिम **स्वदेशी उत्पादकका हकमा उत्पादक र विक्रेता दुवैले र विदेशी उत्पादकका हकमा विक्रेताले** व्यहोर्नु पर्नेछ | क्षतिपूर्ति व्यहोर्नका लागि स्पष्ट पारिएको। |
| २२ | दफा ४१ को उपदफा मा (२) | (२) मन्त्रालयले उपदफा) १ ( बमोजिमको कार्य गर्न सम्बन्धित उत्पादक वा वितरकसंग समन्वय गर्न सक्नेछ । | (२) मन्त्रालयले उपदफा) १ ( बमोजिमको कार्य गर्न सम्बन्धित उत्पादक वा वितरक र **स्थानीय तह**संग समन्वय गर्न सक्नेछ । | स्थानीय तहको समन्वयात्मकारी भूमिका निर्वाह गर्न उपयुक्त देखिएकोले। |
| २३ | दफा ४४ को उपदफा मा (१) | (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी गैर सरकारी सामुदायिक स्वास्थ्य संस्थाले मन्त्रालयले तोकेको निकायबाट अनुमती लिनुपर्नेछ । | (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी गैर सरकारी सामुदायिक , **सहकारी** स्वास्थ्य संस्थाले मन्त्रालयले तोकेको निकायबाट अनुमती लिनुपर्नेछ । | सहकारी संस्थालाई थप गर्न उपयुक्त देखिएकोले । |
| २४ | दफा ५० को उपदफा मा (१) | (१) मन्त्रालयले तोके बमोजिमका स्वास्थ्य संस्थाले तोकिए बमोजिमको मापदण्डमा रही एम्बुलेन्स र शववाहनको सेवा उपलब्ध गराउनु पर्नेछ। | (१)मन्त्रालयले तोके बमोजिमका स्वास्थ्य संस्थाले तोकिए बमोजिमको मापदण्डमा रही एम्बुलेन्स र शववाहन सेवा **अनिवार्य** उपलब्ध गराउनु पर्नेछ। | अनिवार्य शब्द राख्न उपयुक्त देखिएकोले । |
| २५ | दफा ६६ को उपदफा मा (१) | सक्षम ,मन्त्रालयले स्वस्थ(१) र उत्पादनशील नागरिक निर्माण गर्न तथा स्वास्थ्यको दिगो विकास गर्न सरकारी , गैरसरकारी ,सामुदायिक तथा निजि संघ संस्थाहरुसंग सहकार्य तथा समन्वय गरी स्वास्थ्य प्रवर्द्धन अभियान तोके बमोजिम संचालन गर्न सक्नेछ। | सक्षम र ,मन्त्रालयले स्वस्थ (१) उत्पादनशील नागरिक निर्माण गर्न तथा स्वास्थ्यको दिगो विकास गर्न ,सामुदायिक ,गैरसरकारी ,सरकारी **सहकारी** तथा निजि संघ संस्थाहरुसंग सहकार्य तथा समन्वय गरी स्वास्थ्य प्रवर्द्धन अभियान तोके बमोजिम संचालन गर्न सक्नेछ । | सहकारी संस्थालाई समावेश गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| २६ | परिच्छेद १० मा | नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी व्यवस्था। | नसर्ने रोग तथा मानसिक स्वास्थ्य **र सरुवा रोग ,**सम्बन्धी व्यवस्था । | परिच्छेदमा सरुवा रोग थप गर्न उपयुक्त देखिएकोले। |
| २७ | दफा ६७ को उपदफा मा (१) | )१ (नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परीक्षण गर्न र गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ । | (१)नसर्ने रोगको **र सरुवा रोग**को रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परीक्षण गर्न र गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ । | सरुवा रोग सम्बन्धि विधेयकमा व्यवस्था नभएकोले उक्त बुदा थप गर्न उपयुक्त देखिएको। |
| २८ | दफा ६७ को उपदफा मा (२) | )२ नसर्ने रोग सम्बन्धी ( प्रदेश स्तरीय बिशेष प्याकेजको निर्माण गरी स्वास्थ्य प्रवर्द्धन सेवाहरु प्रदेश तथा स्थानीय तहमा प्रवाह गरी नसर्ने रोग सम्बन्धी स्वास्थ्य शिक्षा लगायत प्रवर्द्धनात्मक सेवा प्रवाह गर्न , रोकथामगर्न तथा अनुगमन , निरिक्षण र सहजीकरण गर्नका लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाई सामुदायिक स्वास्थ्य प्रवर्द्धक परिचालन गर्न सक्नेछ। | )२ नसर्ने रोग (**र सरुवा रोग** सम्बन्धी प्रदेश स्तरीय बिशेष प्याकेजको निर्माण गरी स्वास्थ्य प्रवर्द्धन सेवाहरु प्रदेश तथा स्थानीय तहमा प्रवाह गरी नसर्ने रोग **र सरुवा रोग** सम्बन्धी स्वास्थ्य शिक्षा लगायत प्रवर्द्धनात्मक सेवा प्रवाह गर्न , रोकथामगर्न तथा अनुगमन , निरिक्षण र सहजीकरण गर्नका लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाई सामुदायिक स्वास्थ्य प्रवर्द्धक परिचालन गर्न सक्नेछ। | सरुवा रोग सम्बन्धि विधेयकमा व्यवस्था नभएकोले उक्त बुदा थप गर्न उपयुक्त देखिएकोले। |
| २९ | दफा ६७ को उपदफा मा (३) | नसर्ने (४)रोगको रोकथाम , नियन्त्रण,उपचार तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिमको हुनेछ । | नसर्ने (४)रोगको **र सरुवा रोगको** रोकथाम ,नियन्त्रण , उपचार तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिमको हुनेछ । | सरुवा रोग सम्बन्धि विधेयकमा व्यवस्था नभएकोले उक्त बुदा थप गर्न उपयुक्त देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ३० | दफा ६८ को उपदफा मा (५) | कडा (५)खालको मानसिक रोग लागेका बेवारिसे र असहाय व्यक्तिको उपचार तथा संरक्षणका लागि प्रदेश सरकारले तोकिए बमोजिम आवश्यक व्यस्था **गर्न सक्नेछ।** | कडा (५)खालको मानसिक रोग लागेका बेवारिसे र असहाय व्यक्तिको उपचार तथा संरक्षणका लागि प्रदेश सरकारले तोकिए बमोजिम आवश्यक व्यस्था **गर्नेछ।** | गर्न सक्नेछ को सट्टामा गरीनेछ शब्द राख्न उपयुक्त देखिएकोले । |
| ३१ | दफा ६९ को उपदफा मा (४) | )४ (नसर्ने रोग तथा दिर्घ रोग नियन्त्रण र बढ्दो तनाब व्यवस्थापनको आयुर्बेद् विशिस्टिकृत चिकित्सा पद्दति , रसायन ,पंचकर्म/पुर्बकर्म ,योग चिकित्सा र स्वस्थ जीवन शैली परामर्श सेवा प्रदान गर्न सकिनेछ । | )४ (नसर्ने र **सरुवा** रोग तथा दिर्घ रोग नियन्त्रण र बढ्दो तनाब व्यवस्थापनको आयुर्बेद् विशिस्टिकृत चिकित्सा पद्दति ,योग , रसायन चिकित्सा ,पंचकर्म/पुर्बकर्म र स्वस्थ जीवन शैली परामर्श सेवा प्रदान गर्न सकिनेछ । | सरुवा रोगलाई थप गर्न उपयुक्त देखिएकोले। |
| ३२ | दफा ७६ को उपदफा मा (१) | (१)निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमको निशुल्क एवं अत्यावश्यक औषधी तथा स्वास्थ्यसंग सम्बन्धित औजार उपकरणको नियमित आपूर्तिको लागि मन्त्रालयले स्थानीय तहको समन्वयमा आवश्यक प्रणाली निर्माण गर्न मापदण्ड बनाउनेछ । | निशुल्क आधारभूत स्वास्थ्य (१) सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमकोनिशुल्क एवं अत्यावश्यक औषधी तथा स्वास्थ्यसंग सम्बन्धित औजार उपकरणको नियमित आपूर्तिको लागि मन्त्रालयले स्थानीय तहको समन्वयमा आवश्यक प्रणाली निर्माण गर्न मापदण्ड बनाउनेछ । | दफा ७६ मा उपदफा नभएकोले साविकको लाई उपदफा (१) कायम गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| ३३ | दफा ७६ को उपदफा (२)मा | | )२( प्रदेश मातहतका स्वास्थ्य संस्थाहरुको समन्वयमा निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमको निशुल्क एवं अत्यावश्यक औषधी तथा स्वास्थ्यसंग सम्बन्धित औजार उपकरणको नियमित आपूर्तिको लागि मन्त्रालयले प्रदेश मातहतका स्वास्थ्य संस्थाहरुको समन्वयमा आवश्यक प्रणाली निर्माण गर्न मापदण्ड बनाउनेछ। | प्रदेश मातहतका स्वास्थ्य संस्थाहरुको व्यवस्था नभएकोले थप गर्न उपयुक्त देखिएकोले। |
| ३४ | दफा ७७ को उपदफा मा (२) | मन्त्रालयले स्वास्थ्य (२) सम्बन्धी तथ्यांकको सूचना र संचारको ,भण्डारण वस्तुनिष्ठ, पहुँचयोग्यभरपर्दो र , प्रविधिमैत्री सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | मन्त्रालयले स्वास्थ्य सम्बन्धी (२) सूचना र ,तथ्यांकको भण्डारण संचारको वस्तुनिष्ठ, पहुँचयोग्य , भरपर्दो र प्रविधिमैत्री सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ**र सो को अध्यावधिक गर्नुपर्नेछ ।** | अभिलेख अध्यावधिक का लागि थप गर्न उपयुक्त देखिएकोले। |
| ३५ | दफा ७९ को उपदफा मा (२) | (२)स्वास्थ्य सेवासंग सम्बन्धित सेवाको लागि सामुदायिकगैरसरकारी र , निजि संघ संस्थाहरुसंग साझेदारी र सहकार्य गर्ने सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ। | (२)स्वास्थ्य सेवासंग सम्बन्धित सेवाको लागि सामुदायिक , **सहकारी,** गैरसरकारी र निजि संघ संस्थाहरुसंग साझेदारी र सहकार्य गर्ने सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ। | सहकारी संस्थालाई समावेश गर्न उपयुक्त देखिएकोले। |
| ३६ | दफा ७९ को उपदफा मा (३) | (३)सामुदायिक ,गैरसरकारी र निजि संस्थाले स्वास्थ्य सेवा प्रवाह गर्नु अघि मन्त्रालयको अनुमति लिई तोकिएको मापदण्ड बमोजिम कार्य गर्नु पर्नेछ। | (३)सामुदायिक **,सहकारी,** गैरसरकारी र निजि संस्थाले स्वास्थ्य सेवा प्रवाह गर्नु अघि मन्त्रालयको अनुमति लिई तोकिएको मापदण्ड बमोजिम कार्य गर्नु पर्नेछ। | सहकारी संस्थालाई समावेश गर्न उपयुक्त देखिएकोले। |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नुपर्ने विषयहरु सुदूरपश्चिम जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ,२०७६ मा समावेश गरी उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिमको प्रदेश सभा नियमावली २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार गर्न सहयोग पू-याउँनु हुने सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यू, सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

प्रस्तुतकर्ताः -

माननीय कुन्ती जोशी

सभापति

सामाजिक विकास समिति
सुदूरपश्चिम प्रदेश कैलाली,धनगढी,
मिति २०७७।०४।२५

४. माननीय सदस्यहरु,

**"प्रदेशजनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ,"**माथिको आजको कारबाही यहीँ समाप्त हुन्छ ।

५. माननीय सदस्यहरू,

आजको बैठकको कारबाहीयहीँ समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल श्रावण ३० गते शुक्रबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु।